म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १३० शुक्रबार, ११ पुस २०८२ ने. सं. ११४६ पोहेलाथ्व 26 December 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## तीनसयको आँखा परीक्षण

हेटौंडा, १० पुस/बालबालिकाको क्षेत्रमा क्रियाशील अन्तर्राष्ट्रिय गैरसरकारी संस्था किवानिज क्लव मकवानपुरले बिहीबार बस्तीपुरमा आयोजना गरेको शिबिरमा ३ सय भन्दा बढीले सेवा लिएका छन् । निर्मल माविमा आयोजना गरिएको शिबिरमा आँखाका बिरामीलाई औषधि तथा आवश्यकताअनुसार चस्मा निशुल्क बितरण गरिएको थियो । हेटौंडा सामुदायिक आँखा अस्पतालका नेत्रबिज्ञको टोलीले आँखा परीक्षण गरेको हो । निर्मल माविको स्वर्ण महोत्सवको अवसर पारेर गरिएको आँखा परीक्षण शिबिरमा नेपालगंजस्थित आइडियल फर्मासिटिकल्स कम्पनी प्रालिले औषधि सौजन्य गरेको थियो । किवानिज क्लबले बालबालिकाको क्षेत्रमा काम गर्दै आएको छ । शिबिरमा किवानिज क्लब मकवानपुरका संस्थापक अध्यक्ष तीर्थराज पराजुली, क्लबका बर्तमान अध्यक्ष पवन खड्का, निवर्तमान अध्यक्ष माधव गौतम, उपाध्यक्ष भानुभक्त आचार्य, रामचन्द्र बर्तौला, सदस्य सुरेश गौतमलगायतको सहभागिता रहेको थियो । निर्मल मावि ब्यवस्थापन समिति अध्यक्ष अमृत ओलीको अध्यक्षतामा भएको कार्यक्रममा निवर्तमान संघीय सांसद महेश बर्तौलाको प्रमुख आतिथ्यता रहेको थियो ।

# समितिको निर्देशनलाई प्रदेश सरकारले उल्लङ्घन गरेको लेखा समितिको ठहर

### मन्त्रालयसँग बेरुजु फछ्र्यौटको प्रगति विवरण माग गर्ने

साझाकुरा संवाददाता

हेटौंडा, १० पुस/ बागमती प्रदेशसभा र प्रदेशको सार्वजनिक लेखा समितिको निर्देशनलाई प्रदेश सरकारले उल्लङ्घन गरेको समितिले ठहर गरेको छ ।



प्रदेशसभाअन्तर्गतको सार्वजनिक लेखा समितिले खर्च कटौती गर्न र आर्थिक मितव्ययिता कायम गर्नका लागि यसअघि पटकपटक दिएको निर्देशनलाई प्रदेश सरकारले अवज्ञा गरेको ठहर गरेको हो । सार्वजनिक लेखा समितिको प्रदेशसभा सचिवालयमा बसेको बैठकले बागमती प्रदेशलाई संघीयता कार्यान्वयन र सुशासनयुक्त बनाउन प्रदेशसभा र सार्वजनिक लेखा समितिले दिएको निर्देशनलाई प्रदेश सरकारले उल्लंङ्घन गरेको निस्कर्ष निकालेको हो । सार्वजनिक लेखा समितिको बैठकले प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्रालयले आवश्यकता र औचित्यताको आधारमा मन्त्रालय संरचना र कर्मचारीको विश्लेषणबिना नै थपगर्न लागेको कार्यालयको सूचना प्रक्रिया तत्काल रोक्न निर्देशन दिने निर्णय गरेको छ ।

समितिले प्रदेशलाई सुशासनयुक्त बनाउन खर्च कटौती गर्न र आर्थिक मितव्ययिता कायम गर्न पटकपटक निर्देशन गरेको जनाएको छ । त्यस्तै प्रदेशसभा बैठकबाट पनि संकल्प प्रस्तावमार्फत निर्देशन गरेपनि निर्देशनको उल्लङ्घन गरेको, सरकारले संरचना र कर्मचारीको संगठन तथा व्यवस्थापन सर्वेक्षण ( ओएनएम) वस्तुनिष्ट समीक्षा एवं आवश्यकता र औचित्यबिना नै कार्यालय थप्ने कार्य गरेको, कर्मचारी करारमा राख्ने र नयाँ महँगा गाडी खरिद गर्दै गरेको पाइएको समितिले जनाएको छ ।

समितिका सभापति श्रीराम लामिछानले श्रम, रोजगार तथा यातायात मन्त्रालयले खर्च कटौती र आर्थिक मितव्ययिता कायम गर्न दिएको निर्देशनको अवज्ञा गरेको भन्दै औचित्यताको आधारमा मात्र कार्यालय र कर्मचारी थप्न मन्त्रालय सहित मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलाई निर्देशन दिने निर्णय समितिको बैठकले गरेको जानकारी दिएका छन् । उनले यातायात मन्त्रालयले भएका कार्यालयको कार्यसमीक्षा नगरी बनेपा र काठमाडौं लगायतका ठाउँमा नयाँनयाँ कार्यालय खडा गरी ट्रायल सेन्टर खोल्न सूचना दिएको, चालक अनुमतिपत्र (लाइसेन्स) छपाइ मेसिन र चार्जिङ सेन्टर सामग्री करोडौंमा खरिद गरी प्रयोग नगरेको र प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ को नियमावलीसमेत नबनाई प्रदेश सरकारको व्ययभार बढाइरहेकाप्रति समितिको गम्भीर ध्यानाकर्षण भएको बताएका छन् ।

'आवश्यक्ता र औचित्यताको आधारमा मन्त्रालयका संरचना र कर्मचारीको विश्लेषणबिना नै थप गर्न लागेको कार्यालयका सूचना प्रक्रिया तत्काल रोक्न भनेका छौं' उनले बताए । एक महिनाभित्र संगठन तथा व्यवस्थापन सर्वेक्षण पुनरवलोकन गरेर मात्र आवश्यक भए लागु गर्न बागमती प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय र श्रम, रोजगार तथा यातायात मन्त्रालयलाई निर्देशन दिने निर्णय गरिएको छ ।

**मन्त्रालयसँग बेरूजु फछ्यौटको प्रगति विवरण माग गर्ने**

सार्वजनिक लेखा समितिले महालेखापरीक्षकको कार्यालयले औंल्याएको बागमती प्रदेश सरकारको मन्त्रालय र निकायहरुको बेरुजु फछ्र्यौटको प्रगति विवरण माग गर्ने निर्णय गरेको छ । बैठकले मन्त्रालयहरुले बेरुजु फछ्र्यौट, सम्परीक्षण र असुलउपर अपेक्षाकृत र निर्देशन बमोजिम पर्याप्त प्रगति नदेखिएकोले तत्काल बेरुजु फरफारक र आर्थिक मितव्ययिता कायम गर्न र बेरुजु फछ्र्यौटको प्रगति विवरण एक महिनाभित्र सम्बन्धित मन्त्रालय र निकायहरुसँग माग गर्ने निर्णय गरेको हो ।

समितिको बैठकमा महालेखापरीक्षकको कार्यालय बागमती प्रदेशको चौथो, पाँचौ, छैटौं र सातौं प्रतिवेदनमाथि छलफल गरिएको थियो । समितिको विगत बैठकको निर्णयको आधारमा गरिएको निर्देशनअनुरुप मन्त्रालयहरुले बेरुजु फछ्र्यौट, सम्परीक्षण र असुलउपरका प्रक्रियामा पर्याप्त प्रगति नदेखिएपछि समितिले विवरण माग गर्ने निर्णय गरेको समितिका सभापति लामिछानेले जानकारी दिए ।

'समितिको विगतका बैठकको निर्णयको आधारमा गरिएको निर्देशनअनुरुप मन्त्रालयहरुले बेरुजु फछ्र्यौट, सम्परीक्षण र असुलउपर प्रक्रियासम्बन्धी विवरण पेश र प्रस्तुत भएकोमा समितिमा छलफल हुँदा अपेक्षाकृत र निर्देशन बमोजिम पर्याप्त प्रगति नदेखिएकोले तत्काल बेरुजु फरफारक र आर्थिक मितव्ययिता कायम गर्न र बेरुजु फछ्र्यौटको प्रगतिविवरण एक महिनाभित्र सम्बन्धित मन्त्रालय र निकायहरुसँग माग गर्ने निर्णय बैठकबाट गरिएको छ' उनले भने । बैठकले समितिको वार्षिक कार्यक्रमको कार्यान्यवनको सवालमा कार्ययोजना सहितको तालिका समितिमा पेश गरी पारित गर्ने निर्णय गरेको छ ।

# शिक्षिका नृत्य प्रतियोगिताको उपाधि जिएन निकेतनलाई

साझाकुरा संवाददाता

हेटौंडा, १० पुस/ हेटौंडा-१९ बस्तीपुरस्थित निर्मल माध्यमिक विद्यालयको स्वर्ण महोत्सव अन्तर्गत आयोजित शिक्षिका नृत्य प्रतियोगिताको उपाधि जिएन निकेतनले जितेको छ ।

शिक्षिका नृत्य प्रतियोगितामा १२ विद्यालयलाई पछि पार्दै जिएस निकेतन विजेता बनेको हो । प्रतियोगितामा कमाने एकेडेमी द्वितीय हुँदा श्रमिक मावि तृतीय र मकवानपुर एभरेष्ट विद्यालयले चौथो स्थान हाँसिल गऱ्यो । शिक्षिका नृत्य प्रतियोगिताको प्रथम, द्वितीय, तृतीय र चौथो भएको टोलीले क्रमशः नगद २५ हजार, १५ हजार, ७ हजार र ५ हजार रुपैयाँसहित मेडल र प्रमाणपत्र प्राप्त गरेको छ ।

नेपाली गीतमा नृत्य गर्नुपर्ने र एउटा विद्यालयबाट २ जना भन्दा बढी सहभागी हुनुपर्ने नियम रहेको थियो । कार्यक्रममा पुरस्कृत ४ विद्यालयसहित आयोजक निर्मल मावि, पशुपतिनाथ मावि, अरनिको मावि, जनजागृति मावि, कृष्ण आदर्श विद्यालय, राजदेवी मावि, प्रगति मावि, त्रिभुवन मावि र बालजीवनज्योति माविको सहभागिता रहेको थियो । सहभागी सबै विद्यालयलाई आयोजकले नगद ३ हजार रुपैयाँसहित सहभागिताको प्रमाणपत्र प्रदान गरेको हो । प्रतियोगिताको निर्णायकमा मकवानपुर नृत्यकर्मी संघका सचिव लालबहादुर गुरुङ 'अमर' र उपसचिव पेमा लामा रहेका थिए । शिक्षिका नृत्य प्रतियोगिताको उद्घाटन हेटौंडा उपमहानगरउपप्रमुख राजेश बानियाँले गरेका हुन् ।

## यातायात व्यवसायी उपभोक्ता सहकारी संस्था लि.को
## १७ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति : २०८२।०९।११*

यस संस्थाको मिति २०८२।०९।०१गते बसेको कार्यसमितिको आठौं बैठकको निर्णय अनुसार संस्थाको १७ औं वार्षिक साधारण सभा देहायका विषयहरुमा छलफल तथा निर्णयका लागि २०८२।०९।१९ गते शनिबार बस्ने भएको हूँदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभाहुने मिति, स्थान र समय :**

मिति : २०८२ साल पौष १९, गते शनिवार (तदनुसार ३ जनवरी २०२६)
स्थान : दर्शन पार्टि प्यालेस, हेटौंडा
समय : बिहान ११ बजे देखि ।

**छलफल तथा निर्णयका लागि निर्धारित प्रस्तावहरु :**

१. सचिवको प्रतिवेदन सम्बन्धमा ।
२. आ.व.२०८१।८२ को लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।
३. लेखा समिति प्रतिवेदन सम्बन्धमा ।
४. माइन्युट प्रमाणित प्रतिनिधि चयन सम्बन्धमा ।
५. विविध ।

सचिव
देबनाथ लामिछाने

**यातायात व्यवसायी उपभोक्ता सहकारी संस्था लि.**




# पालुङ बहुउद्देश्यीय सहकारीको कुल सम्पत्ति १ अर्ब २७ करोड नाघ्यो



साझाकुरा संवाददाता

हेटौंडा, १० पुस/पालुङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको २६ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । संस्थाका संस्थापक अध्यक्ष बिष्णुहरि ढकालको प्रमुख आतिथ्यता तथा अध्यक्ष कृष्णबहादुर बिष्टको अध्यक्षतामा सम्पन्न साधारणसभामा आर्थिक प्रगति, भावी योजना र सामाजिक उत्तरदायित्वका कार्यक्रम सार्वजनिक गरिएका छन् ।

अध्यक्ष बिष्टले प्रस्तुत गरेको प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८१/८२ सम्म संस्थामा ६ हजार ८ सय ४० जना शेयरसदस्य र ४ हजार ६५ जना लघुवित्त सदस्य गरी कुल १० हजार ९ सय ५ जना वित्तीय कारोबार गर्ने सदस्य पुगेका छन् । संस्थाको कुल सम्पत्ति १ अर्ब २७ करोड पुगेको छ भने शेयर पुँजी ९ करोड ९५ लाख, बचत संकलन ८८ करोड ४४ लाख र ऋण प्रवाह १ अर्ब ८ करोड रहेको छ ।

प्रतिवेदनअनुसार सहकारीले हेटौंडा र बज्रबाराही सेवाकेन्द्र सञ्चालन गरिरहेको छ भने थाहा नगरपालिकाको चित्लाङ र काठमाडौंको कालिमाटीमा रहेको सरल बहुउद्देश्यीय सहकारीसँग एकीकरण गरी काठमाडौंमा समेत पालुङ बहुउद्देश्यीयको सेवाकेन्द्र सञ्चालन गर्ने प्रक्रिया अघि बढाइएको छ । थाहा शीतभण्डार परियोजनाअन्तर्गत अन्तरसहकारी सम्बन्ध विस्तार गर्दै शीतभण्डार सञ्चालन गर्ने योजना अघि सारिएको छ । आर्थिक वर्ष २०८२/८३ का लागि संस्थाले शेयर सदस्य संख्या ८ प्रतिशतले वृद्धि गर्ने, न्यूनतम शेयर रकम १० हजार कायम गर्ने र जिल्लाका सबै स्थानीय तहमा सेवा विस्तार गर्ने लक्ष्य लिएको छ । सोही वर्ष बचत संकलन १५ प्रतिशतले वृद्धि गरी १ अर्ब पुऱ्याउने लक्ष्य तय गरिएको छ ।

तरलता व्यवस्थापनतर्फ बाहृय कर्जाको भुक्तानीलाई प्राथमिकता दिँदै सदस्यको बचत भुक्तानीमा असर नपर्ने गरी उच्च तरलता कायम गरिएको अध्यक्ष बिष्टले जानकारी दिए । कर्जा लगानीको लक्ष्य १००.०८ प्रतिशत हासिल भई १ अर्ब ८ करोड ९१ लाख पुगेको छ भने आगामी आर्थिक वर्षमा कर्जा लगानी १ अर्ब १५ करोड पुऱ्याउने लक्ष्य लिइएको छ । संस्थाको खुद नाफा चालु आर्थिक वर्षमा ४८.२३ प्रतिशतले संकुचन भई १ करोड ६३ लाखमा सीमित भएपनि आगामी आर्थिक वर्ष २०८२/८३ मा २९५ प्रतिशतले वृद्धि गरी ४ करोड ८२ लाख पुऱ्याउने लक्ष्य राखिएको छ ।

साधारणसभामा लघुवित्त कार्यक्रम, रासायनिक मल वितरण, शीतभण्डार, तरकारी बजारीकरण, कृषिप्रविधि तथा हाईटेक नर्सरी, सहकारी पसललगायत कार्यक्रमको प्रगति विवरण प्रस्तुत गरिएको थियो । लेखा सुपरीवेक्षण समितिका संयोजक कालीचरण बस्नेतले समितिको प्रतिवेदन प्रस्तुत गरे । साधारण सभामा सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न विधामा सदस्यलाई सम्मान गरिएको छ । ७५ वर्ष उमेर पूरा गरेका ज्येष्ठनागरिक सम्मान अन्तर्गत लोककुमारी खत्री, चन्द्रबहादुर गोले, पम्फाकुमारी थापा, चन्द्रकुमारी कार्की, रामशरण बिष्ट, पूर्णबहादुर श्रेष्ठ, विष्णुमाया बलामी, बद्री केसी, तोकबहादुर गोपाली, कान्छी खत्री, लालमाया श्रेष्ठ, गणेशबहादुर शिवभक्ती, मिठाइ श्रेष्ठ, रामकृष्ण अधिकारी र ध्रुवबहादुर अधिकारीलाई सम्मानसहित न्यानो कपडा वितरण गरिएको छ ।

सुत्केरी सदस्य सम्मान अन्तर्गत प्रज्ञा ढकाल, रती पाण्डे, सुस्मा पाण्डे, गायत्री केसी, सत्यदेवी स्याङ्तान र निर्मला बिष्ट सम्मानित भएका छन् । २०८१ सालको एसईई परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने सदस्यका छोराछोरीलाई पनि सम्मान गरिएको छ । सामुदायिक विद्यालयतर्फ दर्शन कार्की (ज्ञानोदय माध्यमिक विद्यालय, काठमाडौं) ले ३.९६ जिपिए र अभिषेक जैशवाल (बज्रबाराही माध्यमिक विद्यालय) ले ३.७५ जिपिए प्राप्त गरी सम्मान पाए । संस्थागत विद्यालयतर्फ अरविनकुमार कार्की (हिमालयन बोर्डिङ स्कुल) ले ३.८४ जिपिए र प्रनिशा केसी (हिमालयन बोर्डिङ स्कुल) ले ३.७४ जिपिए प्राप्त गरी उत्कृष्ट विद्यार्थी सम्मान प्राप्त गरे ।

उत्कृष्ट कारोबारतर्फ कर्जाविधामा थाहा-२ का मनिराज ढकाल र थाहा-१२ का भीमसेन स्याङ्तान तथा उत्कृष्ट बचततर्फ कैलाश-६ का पासाङ लामालाई सम्मान गरिएको छ । संस्थाको वार्षिकोत्सवको अवसरमा आयोजित रक्तदान कार्यक्रममा ४३ जनाले रक्तदान गरेका छन् । कार्यक्रममा संस्थाका पूर्वअध्यक्ष तथा बहुउद्देश्यीय सहकारी संघ मकवानपुरका कोषाध्यक्ष पुरुषोत्तम कार्की, पूर्वअध्यक्ष बिमलकुमार ढकाल र उमेशप्रसाद ढकाल, हेटौंडा खानेपानी व्यवस्थापन बोर्डका अध्यक्ष प्रताप विष्टलगायत पूर्वपदाधिकारी र सदस्यको उपस्थिति रहेको थियो ।

# आमाछोरी एकैपटक दीक्षित

साझाकुरा संवाददाता

हेटौंडा, १० पुस/ हेटौंडा-७, किरणचोकका आमाछोरी त्रिभुवन विश्वविद्यालयबाट एकैपटक दीक्षित भएका छन् । शुक्रबार त्रिभुवन विश्वविद्यालयको ५१ औं दीक्षान्त समारोहबाट हेटौंडा-७ का सावित्री अधिकारी (आमा) र जेसिका अधिकारी (छोरी) नोबेल पुरस्कार विजेता जापानी प्राध्यापक ताकाआकी काजिताबाट दीक्षित भएको प्रमाणपत्र ग्रहण गरेका हुन् ।



सावित्री हेटौंडा-४, भुटनदेवी माध्यमिक विद्यालयकी शिक्षिका समेत हुन् । विश्वविद्यालयको इतिहासमा पहिलो पटक नोबेल पुरस्कार विजेतालाई प्रमुखअतिथि बनाएर यसवर्ष दीक्षान्त आयोजना गरिएको थियो । विश्वविद्यालयका उपकुलपति प्रा.डा.दीपक अर्यालका अनुसार टोकियो विश्वविद्यालयमा आबद्ध उनले सन् २०१५ को भौतिकशास्त्रतर्फ नोबेल पुरस्कार पाएकी थिइन् । यसपटक त्रिविका १६ हजार ३ सय भन्दा बढी विद्यार्थी दीक्षित भएका छन् । दीक्षान्त समारोहमा विद्यार्थी र अभिभावक सहित ४१ हजार व्यक्ति सहभागी भएको अनुमान गरिएको छ ।

विश्वविद्यालयबाट स्नातक, स्नातकोत्तर, दर्शनाचार्य र विद्यावारिधि तहसमेत गरी ८९ हजार १ सय ९१ विद्यार्थी उत्तीर्ण भएका छन् । यसमध्ये १६ हजार ३ सय ८० जना विद्यार्थीले दीक्षान्त समारोहमा सहभागिताका लागि आवेदन दिएका थिए । कार्यक्रममा विभिन्न संकाय तथा तहको परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने ११ जना छात्रा तथा १४ जना छात्रलाई पदक वितरण गरिएको थियो । त्रिविबाट यसपटक मानविकीका १४ हजार ८ सय ५१, व्यवस्थापनबाट ४३ हजार ६ सय १०, कानुनका दुई हजार ३ सय ३५ र शिक्षातर्फ १६ हजार ४ सय ६७ जना उत्तीर्ण भएका थिए ।

साझाकुरा

## हाम्रो कुरा

# भ्युटावरमा धनी थाहानगर

बागमती प्रदेश सरकारले 'चित्लाङ हिलस्टेसन प्याकेज कार्यक्रम' (२०७६-२०७८) अन्तर्गत भ्युटावर निर्माणको काम अघि बढाएको चितलाङ भ्युटावर संचालनको जिम्मेवारी पनि थाहा नगरपालिकाले पाएको छ । नेपालको राजधानी काठमाडौंलाई छिमेकी मुलुक भारतसँग सीधा सडक सम्पर्कमा जोड्ने त्रिभुवन रापथको निर्माणको केही समयमा दामनमा भ्युटावर निर्माण भएको थियो । यो भ्युटावरबाट नेपालका ८ हजार मिटर भन्दा अग्ला आधा दर्जन हिमश्रृंखला एकै स्थानमा दृष्यावलोकन गर्न सकिन्छ । मकवानपुरको थाहा नगरपालिका-९ मा निर्माण गरिएको 'चित्लाङ भ्यूटावर' बुधबारदेखि संचालनमा आएको छ । भ्यू टावर संचालन गर्न प्रदेश सरकारले थाहा नगरपालिकालाई गत सातामात्र हस्तान्तरण गरेको थियो । भ्यूटावर सञ्चालन तथा व्यवस्थापनका लागि थाहा नगरपालिकासँग पर्यटन विकास आयोजनाले सम्झौता गरेको छ । सम्झौताअनुसार थाहा नगरपालिकाले भ्यूटावर सञ्चालन, उपयोग तथा व्यवस्थापनका लागि आफैं वा अन्य संघसंस्था वा समितिलाई ठेक्कामा लगाउन सक्ने व्यवस्था छ । यसरी सञ्चालन गरिएको टावरबाट भएको आम्दानीको ३० प्रतिशत रकम बागमती प्रदेश सरकारका राजस्व खातामा अर्धवार्षिकरुपमा जम्मा गर्नुपर्ने सम्झौतामा उल्लेख गरिएको छ । आम्दानीको ७० प्रतिशत रकम भने थाहा नगरपालिकाको हुने सम्झौता भएको छ । १० बुँदे सम्झौतामा पर्यटन प्रवर्द्धनबाहेकको उद्देश्यमा संरचना प्रयोग गर्न नपाइने स्पष्ट पारिएको छ ।

चित्लाङ भ्यूटावरको मर्मतसंभार गर्नुपर्ने अवस्था भएमा थाहा नगरपालिका समेतको प्रविधिको सहभागितामा तयार गरिएको लागत अनुमानबमोजिम एकपटकका लागि बागमती प्रदेशको पर्यटन मन्त्रालयबाट गराउने सम्झौतामा उल्लेख छ । प्रदेश सरकारले 'चित्लाङ हिलस्टेसन' प्याकेज कार्यक्रमअन्तर्गत भ्यू टावर निर्माण अघि बढाएको थियो । परियोजनामा भ्यूटावरसँगै क्रियसन हल, शौचालय, रिटेनिङ वाल, गेट, गार्ड हाउस तथा अन्य सहायक संरचना निर्माण गरिएको छ । भ्यू टावर निर्माण पाँच करोड २७ लाख ४७ हजार ८ सय ५२ रुपैयाँमा गरिएको हो । गत मंसिर २४ गते पर्यटन विकास आयोजना हेटौंडा र थाहा नगरपालिकाबीच भ्युटावर सञ्चालन तथा व्यवस्थापनको सम्झौता भएको थियो । सम्झौताअनुसार भ्युटावर थाहा नगरपालिका आफैंले वा अन्य सेवाप्रदायकमार्फत सञ्चालन गर्न सक्ने व्यवस्था छ । यससँगै प्रदेश सरकारले २०७६ सालदेखि हालसम्म १३ जिल्लामध्ये मकवानपुर, नुवाकोट, सिन्धुपाल्चोक, काभ्रे, चितवन, रामेछाप, सिन्धुली, धादिङ र दोलखा गरी ९ जिल्लामा ११ वटा भ्यू टावर निर्माण गरिसकेको छ । यी भ्यू टावरनिर्माणमा प्रदेश सरकारले ३३ करोड रुपैयाँ लगानी गरेको छ । ११ वटा भ्यूटावरमध्ये ५ वटा संचालनमा आइसकेको पर्यटन विकास आयोजनाले जनाएको छ । बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले उद्‌घाटन गरेसँगै 'भ्यूटावर' संचालनमा आएको हो । मुख्यमन्त्री बानियाँले चित्लाङ भ्यूटावरले थाहा नगरपालिकाको पर्यटनक्षेत्रको विकासमा योगदान पुऱ्याउने बताएका थिए । थाहानगरले भ्युटावर संचालनको अनुभव निकै अघिदेखि गर्दै आएको छ । दामनको एभरेष्ट भ्युटावरले पर्यटकलाई आकर्षित गरिरहेको छ । पर्यटकीय नगरीको पहिचान बनाउन सफल थाहा नगरको पर्यटन विकासमा प्रदेश सरकारले सहयोग पुऱ्याउँदै आएको छ ।

पर्यटनक्षेत्रका पूर्वाधार निर्माण गर्न सरकारले बजेट विनियोजन गर्दै आएको छ । मुख्यमन्त्री बानियाँले संघीयताको प्रभावकारी कार्यान्वयनमा प्रदेश र स्थानीय तहले सहकार्यको नयाँ नीति अवलम्बन गर्नुपर्ने बताएका छन् । उनले प्रदेश र स्थानीय तहबीचको सम्बन्धलाई 'आर्थिक र विकासको साझेदार'का रुपमा अघि बढाउनुपर्ने बताए । उनले संघीयता कार्यान्वयनमा प्रदेश र स्थानीय तहले प्रशासनिक क्षेत्रमा मात्र नभई आर्थिक तथा विकासका काममा सहकार्यको नयाँ नीति अवलम्बन गर्नुपर्ने उल्लेख गरे । प्रदेशले ७० प्रतिशत र स्थानीय तहले ३० प्रतिशत बजेट बेहोर्ने गरी विकासका ठुला आयोजनामा साझेदारी गर्न सकिने उनको भनाई छ । विगतमा प्रदेश सरकारले बनाएका कतिपय संरचना व्यवस्थापनको अभावमा बेवारिसे बनेका र ती संरचना स्थानीय तहलाई हस्तान्तरण गर्नुपर्ने अवस्था छ । स्थानीय तहले योजनाको अपनत्व लिउन् भन्ने प्रदेशको चाहना भएको उनले उल्लेख गरे । भ्युटावरलाई व्यवस्थापन गर्ने जिम्मा थाहा नगरकै भएकोले आवश्यक पर्ने बजेट प्रदेश सरकारले विनियोजन गर्ने उनले प्रतिबद्धता व्यक्त गरे । स्थानीय तहले योजनाको अपनत्व लिउन् भन्ने प्रदेशको चाहना हो । त्यसलाई जोगाउने र चलाउने काम स्थानीयले लिनुपर्छ । थाहा नगरमा बनेको यो संरचना अब नगरपालिकाको सम्पत्ति हो । यसको सफल सञ्चालनले नै संघीयतालाई बलियो बनाउँछ । विकासमा एकताको नयाँ भाष्य निर्माण गर्नुपर्नेछ । मकवानपुरको (दामन, पालुङ, चित्लाङ) लाई पर्यटनको हब बनाउन प्रदेश सरकारले विशेष लगानी गर्ने प्रतिबद्धता प्राप्त भएको छ । काठमाडौँ-चन्द्रागिरि-थाहा नगरको कनेक्टिभिटीले यो क्षेत्रको पर्यटन प्रवर्द्धनमा ठुलो टेवा पुग्नेछ । थाहा नगरप्रमुख विष्णु विष्टले चित्लाङ भ्यू टावरले थाहा नगरपालिकामा आन्तरिक एवं बाह्य पर्यटक आकर्षित हुने विश्वास व्यक्त गरेका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ पुस १२ गते शनिबार २७ डिसेम्बर २०२५ । सप्तमी, पौष शुक्लपक्ष । पोहेलाथ्व ११४६ ने.सं. । सूर्योदय ६:५५ सूर्यास्त ५:१५ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक चिन्ता | तुला | : परिवारमा हर्ष |
| वृष | : कार्यान्तरणको योग | वृश्चिक | : व्यवसाय फस्टाउने |
| मिथुन | : व्यर्थ भ्रमण | धनु | : नैराश्यता |
| कर्कट | : मान प्रतिष्ठा वृद्धि | मकर | : परिश्रमबाट सफलता |
| सिंह | : धनहानि | कुम्भ | : सम्पत्तिसम्बन्धी विवाद |
| कन्या | : हर्ष थपिने | मीन | : मित्रबाट विरोध |

# किन चाहिन्छ हामीलाई पहुँचयोग्य मतदान ?



✍दीक्षित अवस्थी

लोकतन्त्र प्रक्रिया मात्र होइन, सहभागिता यसको आत्मा हो । यसका निम्ति गरिने अभ्यास विधिसम्मत त हुनसक्छन्, तर नागरिक अनुपस्थित भए लोकतन्त्र खोक्रो, आत्माहीन हुन्छ । मताधिकार नागरिक र राज्य बीचको सबैभन्दा आधारभूत सम्बन्ध हो । त्यो सम्बन्ध कमजोर भए लोकतान्त्रिक संरचना आफैं कमजोर बन्छ । नेपाल अहिले यही मोडमा उभिएको छ ।

लोकतन्त्रमा जनताले आफ्ना आकांक्षा जाहेर गर्ने सबैभन्दा सशक्त माध्यम निर्वाचन हो । नागरिकले स्वतन्त्र रूपमा मत जाहेर गर्न पाउनुपर्छ नै, सँगसँगै मतदानमा सहज पहुँच पनि हुनुपर्छ । यी दुवै शर्त पूरा नभएसम्म लोकतन्त्रले जनआकांक्षा प्रतिबिम्बित गर्न सक्दैन । पछिल्लो २०७९ सालको संघीय निर्वाचनमा करिब ६१ प्रतिशत मतदाता मात्र सहभागी भए । योग्य मतदातामध्ये करिब ४० प्रतिशत प्रक्रियाबाट बाहिर रहे । वैदेशिक रोजगारी र अन्तरजिल्ला बसोबासले मतदाता सहभागितालाई गहिरो रूपमा प्रभावित गरिरहेको छ । हामीले अन्य सार्वजनिक सेवा जस्तै मतदानलाई पनि झन्झटिलो र पहुँचभन्दा बाहिर राखेका छौं ।

गैरजिल्ला मतदान र विदेशबाट मतदान सम्बन्धी व्यवस्थाको आवश्यकता केवल राजनीतिक माग होइन यो आम नागरिकको अभिमत पनि हो । यही भावना सर्वोच्च अदालतको आदेशमा पनि प्रतिबिम्बित भइसकेको छ । तर आदेश कार्यान्वयन अझै अधुरो छ ।

हिमाल र पहाडका धेरै जिल्लामा स्थायी बसोबास गर्ने जनसंख्या भन्दा बाह्य जिल्लामा शिक्षा वा रोजगारीका लागि बस्ने नागरिकको संख्या ठूलो छ । उनीहरूका लागि मतदानकै लागि निर्वाचन क्षेत्रमा पुग्नु कठिन हुन्छ । बिदा अभाव । यात्रा खर्च । समयको कमी । हिमाली क्षेत्रमा हिमपातको सम्भावना हुने समयमा गर्न लागिएको यो निर्वाचनमा त्यहाँको जनसंख्या तल्ला क्षेत्रमा अस्थायी रूपमा बसोबास गर्छ र फेरि मतदानबाट वञ्चित हुन्छ । यी सबै कारणले ठूलो संख्यामा नागरिक मतदानबाट बाहिरिन्छन् ।

अर्को यथार्थ अझै गम्भीर छ । कतिपय अवस्थामा उम्मेदवार वा दलले सवारी साधनको व्यवस्था गरेर मतदातालाई गाउँसम्म पुऱ्याउने अभ्यास देखिन्छ । यस्तो व्यवस्थाले मत स्वतन्त्र रहँदैन । मतदान अधिकार प्रयोग जस्तो देखिए पनि राजनीतिक दबाबको जोखिम बढ्छ ।

समानुपातिक निर्वाचनमा यसअघि नै निर्वाचन कर्मचारी र सुरक्षाकर्मीलाई कार्यरत स्थानबाट मतदान गर्ने व्यवस्था छ । संविधानका अनुसार पनि समानुपातिक प्रणालीमा सिंगो देश एक निर्वाचन क्षेत्र मानिन्छ । यही आधार आम नागरिकमा विस्तार गर्न असम्भव छैन । त्यति मात्र होइन पहिलो हुने निर्वाचित हुने प्रणालीमा पनि अहिले १६५ वटै निर्वाचन क्षरुेत्रमा गैर जिल्ला मतदानको मतपेटिका बन्दोबस्तीका दृष्टिले जटिल होला । प्रदेश राजधानी र महानगर हरू जहाँ अस्थायी मतदाताको घनत्व ज्यादा छ त्यहाँ यस्तो व्यवस्था गर्दा मतदाता न्याय र राज्यको सामर्थ्यका हिसाबले उपयुक्त र सन्तुलित प्रस्थानबिन्दु मान्न सकिन्छ ।

विदेशबाट मतदान झनै उपेक्षित विषय बनेको छ । ४० लाखभन्दा बढी नेपाली विदेशमा छन् । रेमिट्यान्सले देश चल्छ । मत भने चल्दैन । यो असन्तुष्टि वर्षौंदेखि सुनिँदै आएको छ । स्वतन्त्र नागरिक राज्यले वैदेशिक रोजगारी वा अध्ययनमा रहेका आफ्ना नागरिकको आवाज सुन्नै पर्छ । दूतावासमा मतदान केन्द्र स्थापना गर्न सकिन्छ । हुलाक मार्फत मतपत्र पठाउन सकिन्छ । सुरक्षित डिजिटल मतदान सम्भव छ । विकल्पको कमी छैन । प्रश्न राजनीतिक इच्छाशक्तिको हो ।

वैदेशिक मतदानको अहिलेको मध्यमार्ग 'मक' वा 'डमी' निर्वाचन हुन सक्छ । माथिका तमाम तर्क गरिरहँदा वैदेशिक मतदानको तयारीका निम्ति रहेको समयको चाप र राज्यको यस विषयको उदासीनता यथार्थ हो । वैदेशिक निर्वाचनका विशेषज्ञहरूले पनि अन्य मुलुकहरुको अभ्यासको उदाहरण दिँदै एकैपल्ट सबै देशमा मतदान गरेको उदाहरण खासै छैन भनेका छन् । निर्वाचन गराउने निकायहरुले पनि विदेशी भूमिमा निर्वाचन सम्बन्धी कसुर भए कसरी निरुपण गर्ने भन्ने व्यावहारिक प्रश्न देखाएका छन् । त्यसैले प्रक्रियागत त्रुटि भइहाले राजनीतिक अर्थ नहुने तर आउने निर्वाचनका निम्ति व्युरोक्रेटिक अभ्यास भइरहने र पहुँच विस्तारका निम्ति थप समय र दबाब हुने बाटो उपयुक्त हुने देखिन्छ ।

मतदाता सहभागिताको कमी वैचारिक समस्या होइन । यो व्यवस्थागत असफलता हो । जब सहभागिता घट्छ, निर्वाचित संस्थाको वैधता कमजोर बन्छ । ६१ प्रतिशत सहभागिताबाट बनेको संसद्ले १०० प्रतिशत जनसंख्यालाई प्रतिनिधित्व गर्छ भन्ने दाबी संरचनागत असन्तुलनको संकेत हो ।

नेपालमा राजनीति आफैं नागरिकका लागि सहज छैन । निम्न मध्यम वर्गले मर्यादित तवरले राजनीति गर्न धान्नै नसक्ने अवस्था छ । निर्वाचनको प्रतिस्पर्धा निकै महँगो छ । जनप्रतिनिधिसँग भेट कठिन छ । नीति प्रक्रियामा प्रवेश सीमित छ । दल संरचना बन्द छ । तर मतदान भने नागरिकको अन्तिम सहारा हो । त्यो सहारा समेत पहुँच बाहिर रहँदा लोकतन्त्र कागजमै मात्र सीमित हुन्छ ।

महिलाको सन्दर्भमा समस्या अझ गहिरो छ । शहरमा बसोबास गर्ने परिवारबाट राजनीतिक दलले प्राय: पुरुषलाई गाउँ लगेर मतदान गराउँछन् । गाडी, खर्च, व्यवस्थापन । सबै तयार हुन्छ । महिला भने शहरमै बस्न बाध्य हुन्छन् । बच्चाको हेरचाह । कामको दबाब । सुरक्षाको प्रश्न । परिणाम स्पष्ट छ । महिला मताधिकार संरचनागत रूपमा खोसिएको छ । गैरजिल्ला मतदानको अभावले पुरुषको मतलाई प्राथमिकता दिन्छ । महिलाको राजनीतिक उपस्थितिलाई पृष्ठभूमिमा धकेल्छ । शहरमा बस्ने लाखौं महिला गृहिणी, कामकाजी, विद्यार्थी मतदान प्रक्रियाबाट बाहिरिन्छन् । नागरिकता कागजमा सीमित हुन्छ । राजनीतिक हैसियत कमजोर बन्छ ।

गैरजिल्ला मतदान शुरु भएको दिनदेखि महिला मताधिकार पुनर्स्थापित हुन थाल्छ । महिला जहाँ बस्छिन्, त्यहीं मतदान गर्न पाउँछिन् । सहभागिता बढ्छ । प्रतिनिधित्व सुदृढ हुन्छ । लोकतन्त्र संरचनागत रूपमा समावेशी बन्छ ।

मतदान सार्वजनिक सेवा हो । यो औपचारिक प्रक्रिया मात्र होइन नागरिकले राज्यसँग गर्ने आवधिक संवाद हो । समीक्षा हो । म्याण्डेट हो । मतदान अवरोधपूर्ण हुँदा संवाद अवरुद्ध हुन्छ । लोकतन्त्र कागजमा मात्र रहन्छ । नागरिक जीवनमा कमजोर हुन्छ । मतदाता नामावली र राष्ट्रिय परिचयपत्र एकीकृत भएपछि दर्ता प्रक्रियामा उल्लेखनीय सुधार आएको छ । कागजी झन्झट घटेको छ । दोहोरो दर्ता कम भएको छ । दर्ता दर दोब्बर भएको छ । यसले देखाउँछ कि पहुँच बढ्दा सहभागिता बढ्छ ।

नेपाल जति गतिशील समाज बनेको छ, मतदान व्यवस्था अझै स्थिर छ । कठोर छ । पुरातन छ । गैरजिल्ला मतदान अब विकल्प होइनह समयपरक आवश्यकता हो । विश्वका धेरै देशमा यस्तो व्यवस्थाले उल्लेखनीय सहभागिता बढाएको छ । राज्य र नागरिकको सम्बन्ध बलियो बनाएको छ । नेपालमा यसको प्रभाव अझ ठूलो हुनेछ र पछिल्लो नवयुवा विद्रोह पछि त यसको सान्दर्भिकता झन् बढेको छ ।

कुल गार्हस्थ्य उत्पादनको करिब ३० प्रतिशत योगदान गर्ने प्रवासी समुदायलाई मताधिकार नदिनु लोकतान्त्रिक अपमान हो । फिलिपिन्स र मेक्सिकोका उदाहरण स्पष्ट छन् । वैदेशिक मतदानले राज्यप्रति विश्वास बढाउँछ । नीतिगत उत्तरदायित्व बलियो बनाउँछ ।

विदेशमा रहेका नागरिकलाई मताधिकार दिन अब धेरै ढिलो भइसकेको छ । निर्वाचन आयोगका आफ्नै प्रतिवेदनले सम्भाव्यता देखाएका छन् । त्यसपछि पनि काम अघि नबढ्नु गम्भीर प्रश्न हो । त्यसैले अब यसलाई पनि कालान्तरमा स्थापित गर्ने गरी 'डमी' इलेक्सन गरिहाल्नुपर्ने देखिन्छ ।

पहुँचयोग्य मतदान सुविधा होइन लोकतन्त्रको आधार हो । सहभागिता बढ्दा नीतिनिर्माण स्थिर हुन्छ । सार्वजनिक विश्वास बलियो बन्छ । शासन सुदृढ हुन्छ । राजनीति पहुँचयोग्य नहुन सक्छ तर मतदान पनि पहुँचयोग्य नहुनु लोकतन्त्रले सहन सक्दैन । मताधिकार नागरिकको आवाज हो । राज्यको दिशा तय गर्ने साझा शक्ति हो । त्यसैले पहुँचयोग्य मतदान सुधार मात्र होइन यो राज्य र नागरिक बीचको सामाजिक अनुबन्धनको नयाँ अध्याय हो ।

*(साभार: अनलाइनखबर)*

# निर्वाचनमा संसय किन ?

✍शंकरनाथ काफ्ले

भदौ २३ र २४ गतेपछि भत्किएको राजनीतिक संरचनाको पुन:निर्माण गर्ने एकमात्र उपयुक्त माध्यम निर्वाचन नै हो । हामीले तोकिएको समयमा निर्वाचन गरेनौं वा गर्न सकेनौं भने संविधान मात्र होइन आजसम्मका सम्पूर्ण उपलब्धिहरुसमेत समाप्त भएर जानेछन् । भदौ २३ गतेको दिनसम्म आइपुग्दा पनि नेपाली जनताले थुप्रै उपलब्धिहरु हासिल गरेका नै थिए, त्यसलाई इन्कार गर्न सकिँदैन । उत्कृष्ट संविधान र उपयुक्त व्यवस्था नेपालले अंगिकार गर्दै आएको नै हो । देखिएका विकृति-विसंगतिका कारणहरु हाम्रो संविधान र संवैधानिक व्यवस्थाहरु पक्कै होइनन्, हाम्रो प्रवृत्ति भने निराशाको कारण थियो । जिम्मेवार राजनीतिक दलका जिम्मेवार नेताहरुले जनभावनाअनुसार कार्य गर्न नसकेको मात्र होइन, जनतालाई अन्धकारमा राखेर आफ्नो र आफ्ना पार्टीभित्रका सीमित व्यक्तिहरुको स्वार्थमा मात्र बढी केन्द्रित भएर शासन चलाउँदाको यो परिणाम देखिएको हो । स्वीकार गर्नै पर्दछ कि संविधानले नेतालाई मालिक बनाएको छैन, संविधानले नेपाली जनतालाई सार्वभौम स्वीकार गरेको छ । तर, जनताको सार्वभौम अधिकार नेतृत्वले झुक्याएर अपहरण गरी मनोमानी गरेको कारण जनतामा तीव्र निराशा छाएको हो । आजको दिनमा पनि हिजोका जिम्मेवार नेताहरुले गरेका गलत व्यवहारको परिणाम हाम्रो संविधानले झेलिरहेको छ, हाम्रो व्यवस्थाले बोकिरहेको छ, अझ भन्ने हो भने नेपाल आमाले सहन गर्नुपरिरहेको छ । जेन्जी आन्दोलनले त्यसलाई खबरदार गरेको हो तर त्यसलाई जेन्जी आन्दोलन र जेन्जी आन्दोलनपछि बनेको सरकारले पनि न्याय दिन सकिरहेको छैन । तसर्थ अब संविधानको रक्षाको लागि निर्वाचनमा जानु र जनताले विवेकको मत प्रयोग गरी सही नेतृत्व छान्न सक्ने क्षमता र योग्यता दुवै प्रमाणित गर्नुपर्ने बेला आएको छ । अबको एक कार्यकाल जनताको विवेकको परीक्षण गरी यही व्यवस्थालाई सुदृढ बनाउन संकल्प गर्नुपर्दछ । अबको निर्वाचनपछि पनि विद्यमान संरचनामा सुधार आउन सकेन भने विकल्प खोज्नुको विकल्प बाँकिरहँदैन ।

फागुन २१ को लागि निर्वाचनको घोषणा भएको छ । निर्वाचन आयोगले पनि निर्वाचनको कार्यक्रम अघि बढाइसकेको छ । तर पनि निर्वाचनको लागि भरपर्दो वातावरण बनिसकेको देखिएको छैन । निर्वाचन होला र ? भन्ने प्रश्न जनतादेखि सरकारसम्म सबैमा छ । निर्वाचनप्रति यस प्रकारको संसय किन ? यसको पछाडि थुप्रै कारण र आधारहरु षड्‌यन्त्रमूलक ढंगबाट उत्पन्न भइरहेका देखिन्छन् । ८४ मा हुनुपर्ने निर्वाचन जेन्जी आन्दोलनको कारण एकाएक ८२ मा झऱ्यो । ८२ मा निर्वाचन हुन्छ भन्ने कसैले परिकल्पनासमेत नगरेको कारण निर्वाचनको माहोल बन्न नसकेको एउटा आधार देखिएको छ । जेन्जी आन्दोलनपछि बनेको वर्तमान सरकार गैरराजनीतिक चरित्रको हो । यो जनमनबाट बनेको सरकार होइन । जेन्जीको सरकार भनिए पनि जेन्जी आन्दोलनको बलिदानको मर्म सरकारले बुझेको आफूलाई आजसम्म प्रमाणित गर्न सकिरहेको छैन । कुरा नचपाई भन्ने हो भने आज जो सरकारमा छन्, उनीहरुलाई यो पद चिट्ठामा प्राप्त भएको उपलब्धि हो भन्दा पनि हुन्छ । आज सरकारमा बस्नेहरुले जीवनमा कहिल्यै सरकारमा पुग्छु होला भन्ने परिकल्पना गरेका पनि थिएनन् होला । जेन्जी आन्दोलनको बलमा, जेन्जीको विश्वासमा, जेन्जीको भावनामा यो सरकार बनेको हो । तर यो सरकारले भदौ २३ र २४ गतेको आन्दोलनको औचित्य पुष्टि गर्न सकिरहेको भन्ने तथ्य देखिएको छैन । यसले गर्ने कार्यहरु बेलाबेलामा विवादास्पद र संकास्पद हुने गरेको कारण जेन्जीले नै सरकारको अविश्वास गरिरहेको अवस्था पनि छ । तसर्थ कहिलेकाहीँ लाग्छ, सरकार नै तोकेको समयमा निर्वाचन नगराउने भन्ने पक्षमा त छैन ? तर मूल जिम्मेवारी पाउनुभएकी प्रधानमन्त्रीको प्रतिबद्धतालाई नियाल्ने हो भने तोकिएको समयमा निर्वाचन हुन्छ भन्ने कुरामा सन्देह गर्ने आधार पनि छैन । तसर्थ संसय नगरौं ।

राजनीतिक दलहरुको आ-आफ्नो स्वार्थ छ । जेन्जी आन्दोलनपछि ठूला भनिएका केही दलहरुप्रति जनतामा थप तीव्र वितृष्णा र अविश्वास बढेको देखिन्छ । यस्तोमा संसद् पुनर्स्थापना भएदेखि ८४ सम्म नै विभिन्न बहानामा फेरि शासन सत्ता आफ्नो ढंगले चलाउन पाइन्छ भन्ने दलहरुमा विश्वास छ । त्यति मात्र होइन, एकातर्फ जेन्जी आन्दोलन दबाउँदा गरिएका मानवता विरोधी कार्यको विरुद्धमा हुन सक्ने सम्भावित दण्ड सजायबाट सजिलैसँग जोगिन सक्ने सम्भावना रहन्छ भने अर्कोतर्फ भदौ २४ गते आफूहरुविरुद्ध भएको भौतिक आक्रमणहरुको कार्यविरुद्ध आपराधिक घटना भएको प्रमाणित गरी संलग्नहरुलाई हदैसम्म कारबाही गर्ने वा आफ्नो पक्षमा लाग्न बाध्य पार्न सक्ने उद्देश्यले दलहरुले संसद् पुनर्स्थापना गराउन र आफ्नो नेतृत्वमा सरकार गठन गराउन इच्छुक देखिन्छन् । तसर्थ उनीहरु निर्वाचनमा भन्दा संसद् पुनर्स्थापनामा आफ्नो सुरक्षित भविष्य देखिरहेका छन् । यसका साथै सिधै निर्वाचन भयो भने नयाँ राजनीतिक शक्तिहरुको उदय हुन सक्ने सम्भावना उत्तिकै देखिएको छ । वैकल्पिक राजनीतिक शक्तिहरु जनतामा पुग्ने हुँदा आफ्नो दलमा ठूलो क्षति पुग्ने आँकलन ठूला दलहरुले गरेका छन् । तसर्थ उनीहरु कुनै न कुनै बहानामा तोकिएको समयमा निर्वाचन नहोस् र निर्वाचन हुने वातावरण नभएको अवस्थामा सम्मानित अदालतबाट संसद् पुनर्स्थापना गरी निकास दिन बाध्य होस् भन्ने तानाबानामा रहेका देखिन्छन् । तसर्थ निर्वाचन हुनेमा संसय बढिरहेको हो ।

एमालेले आह्वान गरेको महाधिवेशनको उद्घाटन सत्रमा भक्तपुरमा उपस्थित भएका आफ्ना कार्यकर्ताको भीडलाई देखेर नेकपा एमाले आफ्नो जनमत नघटेकोमा कताकतै विश्वस्त पनि देखिन्छ । तसर्थ निर्वाचन हुने वातावरण भएमा निर्वाचनबाट आफ्नो पार्टी नभाग्ने घोषणा गर्न पनि थालेको छ । महाधिवेशनअघि र पछिको उसको सोचमा केही भिन्नता आएको छ । निर्वाचनमा आफ्नो दलका कार्यकर्ताले मात्र मत दिएर विजयी हुन नसक्ने, त्यसको लागि जनताको ठूलो शक्तिको विश्वास जित्नुपर्ने हुन्छ । महाधिवेशनमा झरेका कार्यकर्ताले नै निर्वाचनमा कुन मानसिकता बनाउने हुन् भन्ने आँकलन गरी नसकेको एमाले निर्वाचनको नाम सुन्दा बेलाबेलामा झस्किने गरेको पनि देखिन्छ । आफू लोकतान्त्रिक पार्टी भएको कारण निर्वाचनबाट भागेको देखाउन पनि नहुने र जनताले अविश्वास नै गरिहाल्लान् भन्ने पनि नभएकोले एमाले अन्तत: निर्वाचनमा जाने नै छ । तर पनि निर्वाचनप्रति संसय किन बढिरहेको छ ?

नेपाली कांग्रेस शुरुदेखि नै निर्वाचनको पक्षमा थियो । यद्यपि वर्तमान नेतृत्वलाई अघि सारेर निर्वाचनमा जाँदा जनताको विश्वास जित्न नसक्ने आँकलन गरी निर्वाचनअघि नै महाधिवेशन गरेर नयाँ नेतृत्वका साथ निर्वाचनमा जाने कांग्रेसको केही नेताको सपना छ । अधिकांश नेता निर्वाचनको पक्षमा भए पनि केही नेताहरु निर्वाचनमा जाँदा आफ्नो पराजय हुने त होइन ? भन्ने डरले निर्वाचनको साटो संसद् पुनर्स्थापनाको पक्षमा उभिएका देखिन्छन् । तर पनि जेन्जी आन्दोलन हुँदा नेकपा एमालेको नेतृत्वमा सरकार रहेको र भोलि जनताको कठघरामा उभिनुपर्दा एमालेलाई नै जनताले दोषी ठान्नेछन् र उसलाई मत दिने छैनन्, जसको फाइदा नेपाली कांग्रेसले नै लिन सक्ने ठोकुवा छ । जेन्जी आन्दोलनपछि रास्वपा पनि कमजोर भएको कारण निर्वाचन भएमा ठूलो दल बन्न सकिन्छ भन्ने कांग्रेसलाई विश्वास भएको कारण ऊ शुरुदेखि निर्वाचनको पक्षमा देखिएको छ । तर पनि महाधिवेशको चटारो र रडाकोले कांग्रेसलाई कहाँ पुऱ्याउँछ ? यसै भन्न सक्ने अवस्था नभएकोले अन्तत: निर्वाचनलाई दाउमा राख्न कांग्रेस पनि पछि नपर्ला भन्ने छैन । तसर्थ निर्वाचनप्रतिको संसयमा नेकाको पनि मलजल पुग्ने नै देखिन्छ ।

तत्कालीन माओवादीलगायतका दलहरु नयाँ निर्वाचन भएमा थप शक्तिशाली बन्न सकिन्छ भन्ने मान्यतामा रहेको कारण उसले शुरुको दिनदेखि नै निर्वाचनको स्वागत गरेको देखिन्छ । समाजवादीलगायत करिव दर्जन सानातिना राजनीतिक दलहरुलाई एकीकृत गरेर नेपाली कम्युनिस्ट पार्टी बनाएका प्रचण्ड, माधवकुमार निर्वाचन हुनुपर्छ भन्ने मान्यतामा छन् । तोकिएको समयमा निर्वाचन भएमा रास्वपासमेतसँग कार्यगत एकता गरेर ठूला दललाई हैसियत देखाइदिने सोचमा प्रचण्ड रहेकोले नेकपा निर्वाचनप्रति उत्सुक देखिन्छ ।

रास्वपाले आफूलाई वैकल्पिक शक्ति ठानेको छ । त्यसमा पनि भर्खरै साझा पार्टीलाई आफ्नो पार्टीमा समाहित गर्न सकेको र अन्य वैकल्पिक राजनीतिक शक्तिहरु पनि रास्वपामासँग एकता वा तालमेल गर्न चाहेको कारण त्यो शक्तिको सदुपयोग गर्दै आगामी निर्वाचनमा राम्रै नतिजा हासिल गर्न सकिन्छ भन्ने सोच राखेर ऊ पनि शुरुदेखि नै निर्वाचनको पक्षमा रहेको देखिन्छ । यसै मेसोमा आफ्नो सभापति रवि लामिछाने धरौटी राखी हिरासतमुक्त भएको कारण भिन्नै किसिमको जनलहर आउने भन्ने कुरामा ऊ ढुक्क देखिन्छ । रास्वपाको यो विश्वासलाई जनताले कुनरुपमा लिनेछन् ? त्यो त निर्वाचनमा नै देखिनेछ, यद्यपि रास्वपा निर्वाचनको पक्षमा छ र ऊ ठूला दलहरुलाई निर्वाचनको लागि लल्कार्दै जनताको घरदैलोमा जान शुरु गरिसकेको छ ।

जेन्जी आन्दोलनमा राजतन्त्रको कुरा नउठेको र राजाले पनि मौका पाउँदा साहस नदेखाएको कारण अहिले नै निर्वाचनमा जाँदा आफ्नो विचारको सम्मान नहुन सक्ने डर राप्रपामा देखिन्छ । तसर्थ ऊ जनताको ध्यान आकर्षित गर्नको लागि निर्वाचन भन्नुभन्दा पनि आन्दोलनको एजेन्डा छर्न व्यस्त देखिन्छ । निर्वाचन हुनुभन्दा संसद् पुनर्स्थापना हुनु राप्रपाको लागि प्रभावकारी हुने भए पनि संसद् पुनर्स्थापनाको लागि ऊ अदालत पुगेको छैन । आन्दोलनको आडमा जनताको ध्यान तान्नै परेछ भने निर्वाचनमा पनि जानुपर्छ भन्ने मान्यता राप्रपाले राखेको देखिन्छ । ठूला दलले निर्वाचनको वातावरण बनाए राप्रपा निर्वाचनप्रति लचिलो र ठूला दलहरुले निर्वाचनमा भाँजो हाल्न उद्यत भए आन्दोलन आदिको माध्यमबाट जनताको ध्यानाकर्षण कसरी गराउने भन्ने उपायमा रहने देखिन्छ ।

आज कैयौं नयाँ दलहरु खुलेको अवस्था छ । ती दलहरुमध्ये कैयौंलाई लागेको छ- यही रन्कोमा निर्वाचनमा जान सकियो भने केही मात्रामा भए पनि जनताको विश्वास पाउने, जनताको ध्यानाकर्षण हुने । कैयौं नयाँ दलहरु अलमलमा छन्, दर्ता त गरियो तर कसरी आफ्नो दललाई पार्टीको रुपमा उभ्याउने भनेर । उनीहरु अस्तित्वको लागि प्रयास गर्दै छन् । यस्तोमा नयाँहरु कोही निर्वाचनको पक्षमा छन् भने कोही निर्वाचन सऱ्यो भने आफूलाई बिस्तारै क्रियाशील बनाउन सकिएला भन्ने आशामा रहेका छन् । हिजोको लौरो र घण्टीको झैं माहोल बनाउन सकिएला भन्ने विश्वासमा रहेका नयाँ दलहरु निर्वाचनप्रति उत्सुक नै देखिन्छन् । तसर्थ निर्वाचनप्रति संसय गर्नुपर्ने आवश्यक छैन ।

निर्वाचन पाँच वर्षमा आउँछ । निर्वाचनमा कुनै दल अगाडि होलान्, कुनै पछाडि तर निर्वाचन भएमा संविधान र व्यवस्था लयमा फर्किनेछ । संविधान जीवित रहेमा मुलुक जीवित रहन्छ । तसर्थ जनताले निर्वाचनमा विवेकको प्रयोग गरेर सही नेतृत्व छान्न सक्नुपर्दछ । जनताले जस्तो निर्णय गर्नेछन् परिणाम सोही अनुसारको आउनेछ । स्थिरताको लागि सोच्ने कि सीमित स्वार्थको लागि सोच्ने, त्यो नेपाली जनताकै हातमा छ । तसर्थ निर्वाचनप्रति संसय नगरौं । तोकिएको समयमा निर्वाचन हुन्न कि भन्ने संसयलाई हामी सबै मिलेर चिरौं, यसैमा मुलुकको कल्याण हुनेछ ।

*(साभार: न्यूज अफ नेपाल)*

### कांग्रेस मकवानपुरले सम्झियो प्रथम सभापति स्व. सूर्यबहादुर डिम्डुङलाई

# डिम्डुङको सम्मानमा स्मृति भवन निर्माण

साझाकुरा संवाददाता

हेटौंडा, १० पुस/नेपाली कांग्रेस मकवानपुर जिल्ला कार्यसमितिले कांग्रेस मकवानपुरका प्रथम सभापति स्वर्गीय सूर्यबहादुर डिम्डुङलाई सम्झिएको छ ।

कांग्रेस मकवानपुरको वर्तमान कार्यसमितिले संस्थापक सभापति डिम्डुङको सम्मान गर्दै हेटौंडा उपमहानगरपालिका-२ स्थित पार्टी कार्यालय बिपी स्मृति भवन परिसरमा निर्माण गरिएको भवनलाई प्रजातान्त्रिक सेनानी एवम् नेपाली कांग्रेस मकवानपुरका प्रथम सभापति सूर्यबहादुर डिम्डुङ स्मृति भवन नामाकरण गरेको हो । स्मृति भवनको सोमबार कांग्रेस बागमती प्रदेश समितिका सभापति एवम् बागमती प्रदेश सरकारका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले उद्घाटन गरेका हुन् ।



कांग्रेस मकवानपुरका सभापति एवम् मुख्यमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार बुद्ध लामाले पार्टीका संस्थापक सभापति डिम्डुङको योगदानलाई चीरस्थायी बनाउन बिपी स्मृति भवन परिसरमा निर्माण गरिएको भवनलाई सूर्यबहादुर डिम्डुङ स्मृति भवन नामाकरण गरिएको बताए । सभापति लामाले संस्थापक सभापति डिम्डुङले पार्टी संगठन निर्माण र प्रजातान्त्रिक आन्दोलनमा गर्नुभएको योगदानको चर्चागर्दै अग्रजहरूले गरेको योगदानको स्मरण र सम्मान गर्नु पछिल्लो पुस्ताको दायित्व भएको बताए ।

मुख्यमन्त्री बानियाँले मकवानपुरमा नेपाली कांग्रेसलाई चलायमान बनाउन स्व. सूर्यबहादुर डिमडुङले पु¥याएको योगदान उल्लेखनीय रहेको बताए । उनका अनुसार डिमडुङको भूमिका जिल्ला तहमा मात्र सीमित नरही केन्द्रीय राजनीतिसम्म स्थापित रहेको थियो । संगठन विस्तार, जनसम्पर्क र राजनीतिक आन्दोलनमा उनले खेलेको भूमिकाको उच्च मूल्यांकन गर्दै स्मृति भवन निर्माण गरिएको बताइएको छ । प्रतिबन्धितकालमा कांग्रेसका तत्कालीन कार्यबाहक सभापति कृष्णप्रसाद भट्टराईले मकवानपुर जिल्लामा पार्टी संगठन निर्माणसँगै प्रजातन्त्र पुनर्वहालीको आन्दोलनलाई प्रभावकारी बनाउने जिम्मेवारीसहित सभापतिमा मनोनयन गरी जिम्मा दिएका थिए ।

प्रतिबन्धित कालको कठोर दिनसँगै प्रजातन्त्र प्राप्तिपछिको दिनहरुमा गरी एक दशकभन्दा बढी समय कांग्रेस मकवानपुरको सभापति भएर डिम्डुङ निरन्तर पार्टी संगठन निर्माणमा जुटेका थिए । भवन निर्माण गर्नको लागि प्रभातकुमार दाहालको संयोजकत्वमा भवन निर्माण समिति निर्माण गरिएको थियो । प्रदेश सरकारबाट प्राप्त केही आर्थिक सहयोगमा निर्माण गरिएको भवनको पहिलो तलामा तीनवटा कोठा रहेका छन्, जसलाई पार्टी गतिविधि, बैठक, अध्ययनचिन्तन तथा सामुदायिक प्रयोजनका लागि प्रयोग गरिने सभापति लामाले बताए ।

मकवानपुरमा नेपाली कांग्रेसको संगठन निर्माण र राजनीतिक चेतनाको विकासमा अग्रणी भूमिका निर्वाह गरेका व्यक्तित्व हुन् डिम्डुङ । उनी नेपाली कांग्रेस मकवानपुरका प्रथम सभापतिका रुपमा इतिहासमा स्मरणीय नाम बनेका छन् । प्रतिवन्धित समयमा मकवानपुरको डाँडाखर्क गाविस हाल कैलाश गाउँपालिकामा भएको सबै सम्पति पञ्चायतले सर्वश्वहरण गरेको थियो । २०४८ को आमनिर्वाचनमा निर्वाचन क्षेत्र ३ न बाट प्रतिनिधीसभाको उम्मेद्वार समेत बनेका थिए ।

राजनीतिक रुपमा कठिन र संक्रमणकालीन समयमै डिम्डुङले कांग्रेसको संगठनात्मक जग बसाल्ने काम गरेका थिए । तत्कालीन अवस्थामा प्रजातान्त्रिक विचार र संगठन विस्तार गर्नु चुनौतीपूर्ण थियो । त्यस्तो अवस्थामा पनि उनी निडर, सिद्धान्तनिष्ठ र समर्पित भएर कांग्रेसको झण्डा मकवानपुरमा उठाउन सफल भए । सूर्यबहादुर डिम्डुङको नेतृत्वमा मकवानपुरमा कांग्रेसका प्रारम्भिक संरचना गठन भएका थिए । गाउँगाउँमा कार्यकर्ता जोड्ने, जनतालाई लोकतन्त्र र नागरिक अधिकारबारे सचेत गराउने तथा पार्टीलाई जनआधारमा स्थापित गर्ने काममा उनी सक्रिय रहे ।

राजनीतिक दमन, सीमित स्रोत र जोखिमका बाबजुद उनले संगठनलाई निरन्तर अघि बढाए । उनले पार्टीभित्र अनुशासन, एकता र विचारको महत्वमा जोड दिँदै कार्यकर्तालाई प्रशिक्षण र प्रेरणा दिने कामसमेत गरेका थिए । उनका प्रयासले मकवानपुरमा कांग्रेसलाई दीर्घकालीनरुपमा स्थापित राजनीतिक शक्तिका रुपमा उभ्याउन मद्दत पुगेको जानकारहरु बताउँछन् । आजको संगठित र सक्रिय कांग्रेस मकवानपुरको आधार तयार गर्ने श्रेय सूर्यबहादुर डिम्डुङजस्ता प्रारम्भिक नेतृत्वकर्तालाई जान्छ । उनको योगदान पार्टीको इतिहासमा मात्र सीमित छैन, मकवानपुरको राजनीतिक विकास क्रममा पनि गहिरो रुपमा जोडिएको छ ।

समय बित्दै जाँदा नयाँपुस्ता राजनीतिमा आएको भएपनि कांग्रेसभित्र र जिल्लाको राजनीतिक वृत्तमा डिम्डुङको योगदानलाई सम्मानपूर्वक स्मरण गरिन्छ ।

# जेसीआई हेटौंडाको २०२६ को लागि सन्तोष पराजुलीको दाबेदारी

साझाकुरा संवाददाता

हेटौंडा, १० पुस/युवाको नेतृत्व तथा व्यक्तित्व विकासमा सक्रिय संस्था जेसीआई हेटौंडाको वर्ष २०२६ को नेतृत्वका लागि सन्तोष पराजुलीले आफ्नो बलियो उम्मेदवारी प्रस्तुत गरेका छन् ।




लामो समयदेखि संस्थाको विभिन्न जिम्मेवारीमा रहेर कुशलता पूर्वक कार्यसम्पादन गरिसकेका पराजुलीले 'सबल र समावेशी जेसीज'को एजेन्डासहित शाखाअध्यक्षमा उम्मेदवारी घोषणा गरेका हुन् । सन् २०१९ देखि जेसीआईमा आबद्ध पराजुलीले यसअघि शाखाको सचिव, उपाध्यक्ष, तालिम संयोजक र कार्यकारिणी उपाध्यक्ष जस्ता महत्वपूर्ण पदमा रहेर क्षमता प्रमाणित गरि सकेका छन् । उनले विशेषगरी सन् २०२० मा 'एरिया बी' संयोजक, २०२१ मा सचिव र २०२४ मा तालिम संयोजकको रुपमा संस्थाको प्रशासनिक तथा क्षमता विकासको पक्षलाई मजबुत बनाउन महत्वपूर्ण भूमिका खेलेको जेसीज सदस्यहरु बताउँछन् ।

अध्यक्षका उम्मेदवार पराजुलीले आफ्नो कार्यकालका लागि सदस्य सशक्तीकरण, दिगो नेतृत्व, समावेशी वातावरण र संस्थागत सुदृढीकरण चारवटा मुख्य स्तम्भ सार्वजनिक गरेका छन् । जसमा सदस्यको व्यक्तिगत र व्यावसायिक वृत्तिविकासका लागि उच्चस्तरीय तालिम प्रदान गर्ने, संस्थाको दीर्घकालीन विकासका लागि रणनीतिक योजना र नयाँपुस्ताको संलग्नता सुनिश्चित गर्ने, सामूहिक निर्णय प्रक्रिया र सबै सदस्यको विचारको सम्मान गर्ने पद्दति बसाल्ने तथा प्रशासनिक र नेतृत्व संरचनालाई प्रविधिमैत्री र व्यवस्थित बनाउने योजना रहेको उनले बताए ।

पराजुलीका अनुसार आगामी निर्वाचनका लागि आफ्नो नेतृत्वमा बलियो टिम निर्माण गरिएको छ । उनको टिमबाट कार्यकारिणी उपाध्यक्ष पदमा विपिन ताम्राकार र संजयकुमार न्यौपाने उम्मेदवार रहेका छन् भने उपाध्यक्ष पदका लागि बिकेक बानियाँ, अशोक सिंह, विनोद वाग्ले र सृजनराज बज्राचार्यले उम्मेदवारी प्रस्तुत गरे । 'विगत ६ वर्षमा मैले जेसीआईबाट धेरै कुरा सिकेको छु । अब ती अनुभवलाई संस्थाको बृहत्तर हितमा लगाउने समय आएको छ' उम्मेदवारी घोषणा गर्दै पराजुलीले भने, 'हाम्रो प्यानलले जेसीआई हेटौंडालाई नयाँ उचाइमा पुऱ्याउन पूर्णरुपमा समर्पित छ ।'

हेटौंडाका युवामाझ लोकप्रिय र कुशल संगठकको छवि बनाएका पराजुली र उनको प्यानलका उम्मेदवारलाई जेसीआई वृत्तमा उत्साहका साथ हेरिएको छ ।

# बागमती प्रदेश सरकारद्वारा अस्पताल अनुगमन

साझाकुरा संवाददाता

हेटौंडा, १० पुस/बागमती प्रदेश सरकार मातहत रहेका अस्पतालको अनुगमन, निरीक्षण अभियान सुरु गरिएको छ । प्रदेशका प्रमुखसचिव बाबुराम अधिकारीको नेतृत्वमा प्रदेश स्वास्थ्य मन्त्रालयका सचिव डा. सुमित्रा गौतमसहितको टोलीले अभियानअन्तर्गत् पहिलोपटक भक्तपुर अस्पतालको अनुगमन तथा निरीक्षणसँगै अस्पताल मातहतका स्वास्थ्यकर्मीसँग अन्तरक्रिया गरेको छ ।

प्रमुखसचिव अधिकारीले प्रदेशभित्रका सबै अस्पताललाई जनसेवामैत्री, सुविधा सम्पन्न एवं उत्कृष्ट अस्पतालका रुपमा सेवा विस्तार गर्ने लक्ष्यका साथ अभियान सुरु भएको बताए । भक्तपुर अस्पतालको सेवा, बिरामी र कर्मचारीसम्म छलफल गरिएको उनले जानकारी दिए । वीर अस्पतालपछिको दोस्रो पुरानो यस अस्पतालमा भर्ना भएर सेवा लिइरहेका बिरामीको शैयामा पुगेर प्रमुखसचिव अधिकारी, स्वास्थ्यसचिव डा. गौतम लगायतको टोलीले स्वास्थ्य सेवा, सेवाप्रवाहको अवस्था, व्यवस्थापन र गुनासोबारे जानकारी लिएको थियो ।

प्रमुखसचिव अधिकारीले भने, 'भक्तपुर अस्पताल देशकै उत्कृष्ट अस्पताल घोषणा भएको र यहाँको सेवाप्रवाह राम्रो रहेको सुन्दै आएका हौं, यहाँको सेवा पनि राम्रै रहेछ । यस अस्पतालले थोरै जनशक्ति र सेवासुविधाबाट पनि बिरामीलाई गुणस्तरीय सेवा दिन सकिन्छ भन्ने उदाहरण पेस गरेको छ ।' स्वास्थ्य सचिव डा. गौतमले उपचारका लागि आएका बिरामीलाई सेवाबाट सन्तुष्ट बनाएर घर पठाउने गरी सेवाप्रवाहमा ध्यान दिन आग्रह गरिन् । अस्पतालका लागि आवश्यक पूर्वाधार, उपकरण तथा जनशक्ति व्यवस्थापनमा मन्त्रालयबाट आवश्यक सहयोग हुने बताउँदै उनले अस्पताललाई तीन सय शैयामा विस्तार गर्न नयाँ भवन निर्माणका लागि आवश्यक प्रक्रियासमेत अगाडि बढाएको जानकारी दिइन् ।

अन्तरक्रियामा अस्पतालका मेडिकल डाइरेक्टर डा.सुरेन्द्र भट्टले समग्र सेवासुविधा, जनशक्ति अवस्था, उपकरण तथा पूर्वाधारबारे जानकारी गराए । अस्पताल विकास समितिका अध्यक्ष शशिजङ थापाले गुणस्तरीय सेवा प्रदान गर्न कर्मचारी, स्वास्थ्यकर्मी लगायत सबैले सकारात्मक भूमिका निर्वाह गरिरहेको बताए । उनले देशको दोस्रो पुरानो अस्पताल भएकाले यहाँ सेवाविस्तार तथा आवश्यक पूर्वाधारमा प्रदेशसँगै केन्द्रीय सरकारले पनि ध्यान दिनुपर्ने आवश्यकता औँल्याए ।

यसक्रममा अस्पतालमा बिरामीको चापअनुसार जनशक्ति व्यवस्थापन, भवन तथा पूर्वाधारको व्यवस्था, कर्मचारीको सेवासुविधामा वृद्धि, अस्पतालका लागि आवश्यक स्रोतसाधन तथा सुधारबारे कर्मचारीले गुनासो तथा सुझाव व्यक्त गरेका थिए । प्रमुखसचिव अधिकारीले प्राप्त सुझाव तथा गुनासालाई गम्भीरतापूर्वक लिँदै प्रदेश सरकारले स्वास्थ्य सेवा सुदृढीकरणलाई उच्च प्राथमिकतामा राखेर आवश्यक सहयोग र समन्वय गर्ने प्रतिबद्धता जनाए ।

# अदालतबाट दोषी ठहर भई फरार पाँच अभियुक्त मकवानपुरबाट पक्राउ




साझाकुरा संवाददाता

हेटौंडा, १० पुस/विभिन्न आपराधिक घटनामा अदालतद्वारा दोषी ठहर भई फरार भएका पाँच जनालाई प्रहरीले विभिन्न स्थानबाट पक्राउ गरेको छ ।

कुटपिट मुद्दामा १ वर्ष ६ महिना कैद तोकिएका हेटौंडा उपमहानगरपालिका-९ का ३५ वर्षीय प्रदीप उपाध्यायलाई प्रहरीले घरमा लुकीछिपी बसेको अवस्थामा पक्राउ गरेको हो । यसैगरी मकवानपुरको बागमती गाउँपालिका-७ धन्साईका २९ वर्षीय भोजबहादुर कमरलाई पनि पक्राउ गरेको छ । अदालतले कमर लाई चोरी मुद्दामा २५ दिन कैद तोकेको थियो । तर, उनी फरार रहेका थिए । प्रहरीले उनलाई गाउँबाटै पक्राउ गरेको हो । अर्का फरार अभियुक्त हेटौंडा उपमहानगर पालिका-४ का २० वर्षीय दिलबहादुर साहलाई पक्राउ गरेको छ । डाँकामुद्दामा साहलाई अदालतले २० हजार रुपैयाँ जरिवाना तोकेको थियो । तर, उनी फरार थिए ।

त्यस्तै मकवानपुरको बकैया गाउँपालिकाका फरार अभियुक्त धनबहादुर मोक्तानलाई पनि पक्राउ गरेको छ । वैवाहिक जबरजस्ती करणी मुद्दाका अभियुक्त हेटौंडा उपमहानगरपालिका-५ का २५ वर्षीय राकेश दुवेलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ परेका पाँचै जनालाई जरिवाना र कैदअसुली गर्न बुधबार नै प्रहरीले जिल्ला अदालतमा पेस गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक एवं प्रहरीप्रवक्ता पुस्कर बोगटीले बताए ।

### हाजिरीजवाफमा तुलसीमेयर प्रथम

# निर्मल माविको स्वास्थ्य शिविरमा १०७५ ले लिए सेवा

साझाकुरा संवाददाता

हेटौंडा, १० पुस/हेटौंडा-१९ मा रहेको निर्मल माविको स्वर्ण महोत्सवका अवसरमा आयोजित स्वास्थ्य शिविरमा एक हजार ७५ जनाले सेवा लिएका छन् । विद्यालयको स्वर्ण महोत्सव अन्तर्गत बिहीबार स्वास्थ्य शिविरको आयोजना भएको हो ।

शिविरमा आँखा, हाडजोर्नी, नाक कान घाँटी, छाला, बालरोग लगायतको जाँच गरिएको थियो । स्वर्ण महोत्सव अन्तर्गतको स्वास्थ्य समिति संयोजक विष्णु थापाको संयोजकत्व एवम् विद्यालयका अध्यक्ष अमृत ओलीको अध्यक्षतामा भएको कार्यक्रममा निवर्तमान संघीय सांसद महेश बर्तौलाको प्रमुख आतिथ्यता रहेको थियो । आँखा परीक्षण शिबिरलाई किवानिज क्लव अफ मकवानपुर, सामुदायिक आँखा अस्पताल हेटौंडाले सहकार्य गरेको थियो । स्वास्थ्य शिविरमा डा. प्रशान्त बिडारी नेतृत्वको १२ जना विशेष चिकित्सकको टोलीले स्वास्थ्य जाँच गरेका थिए ।

स्वास्थ्य शिविरमा आउने बिरामीलाई स्थानीय बोर्डिङले यातायातको व्यवस्था गरेका थिए । उपमहानगरपालिकाकै भूभाग भएपनि ग्रामीण भेग भएकोले सर्वसाधारणको सहजताको लागि स्वास्थ्य शिविरको आयोजना गरिएको विद्यालयका प्रधानाध्यापक प्रवोध बिडारीले जानकारी दिए । बिरामीलाई आवश्यक औषधि निशुल्क प्रदान गरिएको थियो । बिहीबारै कार्यक्रमस्थलमा रक्तदान कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा ५३ जनाले रक्तदान गरेका थिए । विद्यालयको ५० औं स्थापना दिवसको अवसरमा आयोजित रक्तदानमा ५३ जनाले रक्तदान गरेको प्रधानाध्यापक बिडारीले बताए ।

**नगरस्तरीय हाजिरीजवाफमा तुल्सीमेहर प्रथम**

निर्मल माविले स्वर्ण महोत्सवको अवसरमा आयोजना गरेको नगरस्तरीय हाजिरीजवाफ प्रतियोगितामा तुल्सीमेहर मेमोरियल इङ्लिस आवासीय मावि प्रथम भएको छ ।

सहभागी ९ वटा विद्यालयलाई उछिन्दै तुल्सीमेहर प्रथम भएको हो । प्रतियोगितामा सिद्धार्थ मावि द्वितीय, सन्साइन इङ्लिस बोर्डिङ स्कुल तृतीय र अरनिको आधारभूत विद्यालय हेटौंडा-१९ सान्त्वना भयो । हाजिरीजवाफ प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेले क्रमश: १५ हजार, १० हजार, ६ हजार र ४ हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गरेका छन् ।

विद्यार्थीको बौद्धिक क्षमता विकास गर्ने उद्देश्यका साथ स्वर्ण महोत्सवमा नगरस्तरीय हाजिरीजवाफ प्रतियोगिताको आयोजना गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ओलीले जानकारी दिए । स्वर्ण महोत्सवको अवसरमा विद्यार्थी र शिक्षक लक्षित कार्यक्रम र खेलकुदका गतिविधि साथै अन्य विभिन्न रचनात्मक कार्यक्रमहरुको आयोजना भैरहेको छ ।

"मेरो विद्यालय, मेरो सहभागिता"

**श्री निर्मल माध्यमिक विद्यालय**

हेटौंडा-१९, वस्तिपुर

को

**स्वर्ण महोत्सव**

कार्यक्रम समय तालिका:

| क्र.सं. | मिति | समय | कार्यक्रम |
|---|---|---|---|
| १. | २०८२ पौष ८ गते | विहान ११ वजे | वागमती प्रदेश सरकारका मुख्यमन्त्री माननीय ईन्द्र ब. वानियाँ ज्यूबाट समुद्घाटन स्तम्भ अनावरण, विद्यालय गीत र डकुमेन्ट्री सार्वजनिक, स्काउट मार्च प्रतियोगिता |
| २. | २०८२ पौष ९ गते | विहान ११ वजे | नगरप्रमुख श्री मीनाकुमारी लामाज्यूवाट पालिकास्तरीय पुरुष भलिवल प्रतियोगिता उद्घाटन |
| ३. | २०८२ पौष ९ गते | विहान ११ वजे | नगर उपप्रमुख श्री राजेश वानियाँज्यू बाट जिल्लास्तरीय शिक्षक नृत्य प्रतियोगिता उद्घाटन |
| ४. | २०८२ पौष १० गते | विहान ८ वजे | प्रतिनिधि सभाका नि. माननीय श्री महेश वर्तौलाज्यूवाट सम्पूर्ण रोगहरुको उपचार सुविधा सहित वृहत स्वास्थ्य शिविर, रक्तदान, उद्घाटन |
| ५. | २०८२ पौष १० गते | विहान ११ वज | नगरस्तरीय विधार्थी हाजिरीजवाफ प्रतियोगिता |
| ६. | २०८२ पौष ११ गते | विहान ११ वजे | माननीय कुमारी मुक्तानज्यूवाट नगरस्तरीय विधार्थी नृत्य प्रतियोगिता उद्घाटन |
| ७. | २०८२ पौष १२ गते | दिउसो ३ वजे | माननीय भौतिक पूर्वाधार विकास मन्त्री श्री दिनेशचन्द्र देवकोटाज्यूबाट समापन कार्यक्रम |

**नोट**: सास्कृतिक कार्यक्रम र खाना तथा व्यापार मिनि महोत्सव ५ दिन सम्म सञ्चालन रहनेछ ।
कार्यक्रमको श्रोत पूर्वाधारका कार्यहरु सरकारी निकायहरुवाट र वाकी समाजसेवी, अभिभावक, ईच्छुक महानुभावहरु र पुर्व विधार्थीहरुवाट उठाएको रकम ।

आयोजक:
**श्री निर्मल माध्यमिक विद्यालय स्वर्ण महोत्सव मूल समारोह समिति**
हेटौंडा-१९, वस्तिपुर, मकवानपुर

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

### न्युरेनी सामुदायिक वनको साधारणसभा

# खाली रहेको जमिनको सदुपयोग गर्दै हर्बल पार्क निर्माण

साझाकुरा संवाददाता

हेटौंडा, १० पुस/हेटौंडा-७ स्थित न्युरेनी चिसापानी सामुदायिक वन उपभोक्ता समूहको ३५ औं वार्षिक साधारणसभा बिहीबार सम्पन्न भएको छ ।

समूहका अध्यक्ष प्रकाश कार्कीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा हेटौंडा-७ का वडाअध्यक्ष दामोदर गौतम प्रमुखअतिथि रहेको थियो । कार्यक्रममा अध्यक्ष कार्कीले अध्यक्ष र सचिवको संयुक्त संस्थागत प्रतिवेदन प्रस्तुत गरेका थिए भने समूहकी कोषाध्यक्ष सरिता नेगीले आर्थिक प्रतिवेदन पेश गरेकी थिइन् । साधारणसभामा समूहका पूर्वअध्यक्ष जनार्दन पौडेल, रघुप्रसाद आचार्य, वन संरक्षणकर्ता देवकुमारी अर्याल, रामबहादुर पाखिनका साथै ज्येष्ठ उपभोक्ता ज्ञानुदेवी आचार्य , विष्णुप्रसाद चौलागाईलाई पुरस्कृत गरिएको थियो ।

समूहले खाली रहेको जमिनको सदुपयोग गर्दै हर्बल पार्क निर्माण गरेको जानकारी दिइएको छ । डिभिजन वन कार्यालयबाट प्राप्त ६ लाख रुपैयाँ बजेट तथा जनश्रमदानबाट निर्माण गरिएको हर्बल पार्कमा कागती, विभिन्न फलफूलका बिरुवा तथा १५ प्रजातिका जडीबुटी रोपिएको छ । समूहले भू तथा जलाधार व्यवस्थापन कार्यालयको ५ लाख रुपैयाँ आर्थिक सहयोगमा तीन स्थानमा रिचार्ज पोखरी निर्माण गरेको छ । बाल उद्यान निर्माण, अग्निरेखा निर्माण तथा वनक्षेत्र सरसफाइ जस्ता कार्य निरन्तर गर्दै आएको समूहले जनाएको छ । चालु आर्थिक वर्षमा समूहले १० हेक्टर क्षेत्रफलमा थिनिङ कार्य, पाँचवटा ब्लकबाट दाउरा संकलन, कम्पोष्ट सेड घर निर्माणका लागि दातृनिकायसँग समन्वयलगायत १६ वटा प्रमुख कार्ययोजना तय गरेको अध्यक्ष कार्कीले जानकारी दिए ।

वन संरक्षण र संवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै समूहले हालसम्म चारपटक जिल्ला स्तरीय वन संरक्षण पुरस्कार, डिभिजनस्तरीय उत्कृष्ट सामुदायिक वन द्वितीय पुरस्कार तथा सर्वमान्य गणेशमान सिंह वन संरक्षण पुरस्कार २०७३ तृतीय प्राप्त गरि सकेको छ । ७१ दशमलव ३० हेक्टर क्षेत्रफलमा फैलिएको यस सामुदायिक वन उपभोक्ता समूहमा हाल २ सय ८७ घरधुरी आबद्ध रहेको सचिव कृष्णप्रसाद घिमिरेले जानकारी दिए ।

कार्यक्रममा डिभिजन वन कार्यालय, मकवानपुरका अधिकृत राकेशप्रसाद चन्द्रबंशी, सामुदायिक वन उपभोक्ता महासंघका केन्द्रीय सदस्य रामहरि चौलागाइलगायतको उपस्थिति रहेको थियो ।

# हार्दिक बधाई एवम् शुभकामना





सिनेटर विकेश लाल श्रेष्ठ
राष्ट्रिय कार्यकारिणी उपाध्यक्ष वर्ष-२०२६

नेपाल जेसीजको आयोजना तथा जनकपुर जेसीजको आतिथ्यतामा सम्पन्न **नेपाल जेसीजको ५२औं राष्ट्रिय महाधिवेशन**मा निर्वाचन प्रक्रियामार्फत **नेपाल जेसीज वर्ष-२०२६** का लागि राष्ट्रिय कार्यकारिणी उपाध्यक्ष जस्तो गरिमामय पदमा निर्वाचित हुनुभएकोमा हेटौँडा जेसीज वर्ष २०२४ का शाखा अध्यक्ष तथा नेपाल जेसीज वर्ष २०२५ का राष्ट्रिय महासचिव सिनेटर **विकेश लाल श्रेष्ठ** ज्यूलाई हार्दिक बधाई एवम् सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

JCI
Hetauda

| | | |
|---|---|---|
| जेसीआई सिनेटर देवेन्द्रध्वज कार्की<br>अध्यक्ष, जेसीआई हेटौंडा वर्ष २००५ | जेसीआई सिनेटर कृष्ण कटुवाल<br>अध्यक्ष, जेसीआई हेटौंडा वर्ष २०१२ | जेसीआई सिनेटर रवि नेपाल<br>अध्यक्ष, जेसीआई हेटौंडा वर्ष २०१८ |
| जेसीआई सिनेटर राजदेव बानियाँ<br>अध्यक्ष, जेसीआई हेटौंडा वर्ष २०२०<br><br>जेसीआई सिनेटर पवनकुमार कंशाकार<br>अध्यक्ष, जेसीआई हेटौंडा वर्ष २०२२<br><br>जेसी सञ्जय कुमार न्यौपाने<br>महासचिव, जेसीआई हेटौंडा वर्ष २०२५<br><br>जेसी विजय गोपाली<br>कोषाध्यक्ष, जेसीआई हेटौंडा वर्ष २०२५<br><br>जेसी विपिन ताम्राकार<br>कानूनी सल्लाहकार, जेसीआई हेटौंडा वर्ष २०२५<br><br>जेसी विक्रम उलक<br>अध्यक्ष सल्लाहकार, जेसीआई हेटौंडा वर्ष २०२५ | जेसी उज्वल राज शाक्य<br>अध्यक्ष सल्लाहकार, जेसीआई हेटौंडा वर्ष २०२५<br><br>जेसी सन्तोष पराजुली<br>कार्यकारिणी उपाध्यक्ष, जेसीआई हेटौंडा वर्ष २०२५<br><br>जेसी विश्वप्रसाद गौतम<br>कार्यकारिणी उपाध्यक्ष, जेसीआई हेटौंडा वर्ष २०२५<br><br>जेसी कुशल रिजाल<br>उपाध्यक्ष, जेसीआई हेटौंडा वर्ष २०२५<br><br>जेसी किरण आले<br>उपाध्यक्ष, जेसीआई हेटौंडा वर्ष २०२५<br><br>जेसी विवेक फूयाँल<br>उपाध्यक्ष, जेसीआई हेटौंडा वर्ष २०२५ | जेसी प्रविण श्रेष्ठ<br>उपाध्यक्ष, जेसीआई हेटौंडा वर्ष २०२५<br><br>जेसी योगेश बानियाँ, क्षेत्र 'ख' संयोजक<br>जेसी विनोद वाग्ले, सदस्य<br>जेसी रुपेश श्रेष्ठ, सदस्य<br>जेसी विवेक बानियाँ, सदस्य<br>जेसी अशोक सिंह, सदस्य<br>जेसी श्रृजन बज्राचार्य, सदस्य<br><br>राकेश श्रेष्ठ, अध्यक्ष<br>हेटौंडेली बचत तथा ऋण सहकारी संस्था लि.<br><br>राजु नेपाल<br>अध्यक्ष, मकवानपुर मुद्रण उद्योग संघ<br>केन्द्रीय सदस्य, नेपाल मुद्रण उद्योग महासंघ |

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना